राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन १७ औं वार्षिकोत्सव

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २४५ ॥ २०८२ कातिक १६ गते आईतबार (2nd Nov 2025 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# सरोजका हत्यारासंग एक केजी ब्राउनसुगर जस्तो वस्तु बरामद

झापा(प्रस)। झापा शिवसताक्षी नगरपालिका-१० माईधारका ३३ वर्षीय सरोज शर्माका हत्यारासंग करिव एक केजी ब्राउनसुगर जस्तो बस्तु बरामद भएको छ । लागूऔषध प्रयोगकर्ता भनिएका शिवसताक्षी-१० माईधारकै २७ वर्षीय सुनिल साह र अन्दाजी २३ वर्षीय राहुल साहसंग सो बस्तु बरामद भएको हो। बरामद भएको लिसाइलो पदार्थको डल्लोलाई परीक्षणका लागि प्रयोगशालामा पठाइएको प्रहरीले जनाएको छ । सरोज शर्मालाई अपहरण गरी भारत लिएर जाने र लागूऔषध देखाएर पक्राउ गर्न लगाई ठूलो रकम फिरौती माग्ने हत्यामा संलग्नहरुको मनसाय देखिएकोमा त्यो सफल नबनेपछि हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले बताए। डीएसपी खड्काले उनीहरु लागूऔषध कारोबारी भए नभएको अनुसन्धान भइरहेको जानकारी दिए । हत्यामा मामा भान्जा सुनिल साह र राहुल साहसंगै एक भारतीयको पनि संलग्नता रहेको खुलेको छ। ती भारतीय फरार छन् ।

सरोज शर्माको हत्या आरोपमा पक्राउ परेका दुवै मामा-भान्जालाई प्रहरीले आइतवार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाले पत्रकार सम्मेलन गरी सरोजको हत्या आरोपीहरू सुनिल साह र राहुल साहलाई सार्वजनिक गरेको हो ।

घटनाका मुख्य योजनाकार सुनिलले छिमेकी साथी सरोजको हत्या आर्थिक प्रलोभनमा परी गरेको अनुसन्धानको क्रममा खुलेको डीएसपी खड्काले जानकारी दिए ।



पक्राउ परेकाहरूलाई झापा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अपहरण, शरीर बन्धक, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव तथा ज्यान सम्बन्धी कसूरमा मुद्दा चलाएको डीएसपी खड्काले बताए ।

प्रहरीका अनुसार कात्तिक ९ गते बेपत्ता भएकै दिन सरोजको हत्या भएको थियो । काठमाडौँमा आइटीको काम गर्दै आइरहेका सरोज नयाँ गाडी लिएर चाडबाड मनाउन घर आएका थिए। सरोज र सुनिलको त्यस अवधिमा भेट भयो । सरोजले सस्तोमा सुन किन्ने र काठमाडौँ लगेर बेच्ने भन्दै सुनिललाई सुन खोज्न लगाए । सुनिलले सरोजको कुरा स्वीकारेर अपराधको योजना बनाए ।

सुनिलले सरोजलाई आफूले सुन ल्याएको र हेर्न आउन भन्दै ललाइफकाइ अर्जुनधारा नगरपालिका-४ स्थित दहिझोडा सामुदायिक वनमा बोलाएका थिए । सुनिलले भान्जा राहुललाई त्यहाँ बोलाइसकेका रहेछन् । सुनिलले भान्जा राहुलसँग मिलेर सरोजलाई अपहरण गरी घरबाट मोटो रकम फिरौती माग्ने योजना बनाएका थिए। तर, उनीहरूको त्यो योजना सफल भएन । उनीहरूले हथौडाले हिर्काएर साँझ साढे ५ बजे सरोजको हत्या गरेको अनुसन्धानको क्रममा खुलेको डीएसपी खड्काले बताए ।

त्यही राति सुनिल र राहुलले एक जना भारतीय युवकको सहयोगमा सरोज चढ्ने किया सेल्टस कम्पनीको बा प्र ०१ - ०३०- च ७१९४ नम्बरको कारको डिक्कीमा उनको शव राखेर झापा गाउँपालिका ५ सीमा पर्ने बिरिङ नदीको पुलमुनि लगेर गाडेका थिए । उनको कार जंगलमा लुकाएर राखेका थिए । सुनिललाई प्रहरीले घटना भएको भोलिपल्टै पक्राउ गरेको थियो ।

प्रमाण नभेटेपछि उनलाई छाडिदिएको बताउँदै डीएसपी खड्काले भने, 'प्रहरीले समातेकै डरले सुनिलले सरोजको कार जलाएर प्रमाण नष्ट गर्न खोजेका थिए ।' सुनिलले सरोजको कार कात्तिक १३ गते बिहीबार बिहान १० बजेको समयमा चारआली-भद्रपुर सडकको करिब २०० मिटर पश्चिम चारआली जंगलको हातेमालो सामुदायिक वनभित्र ल्याएर जलाएर फरार भएका थिए । तर, घटनास्थलमा सुनिलले लगाएको एउटा चप्पल प्रहरीले फेला पार्‍यो ।

सोही चप्पलको आधारमा सुनिल र उनको भान्जालाई पक्राउ गरेपछि सरोजको हत्याकाण्ड बाहिर आएको डीएसपी खडकाले बताए ।सुनिललाई बिराटनगरस्थित सीमावर्ती क्षेत्र रानीबाट नियन्त्रणमा लिइएका थियो भने राहुललाई खोजतलासकै क्रममा शिबसताक्षी नगरपालिका वडा नं. १० स्थित उनकै घरबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

मृतक सरोजको शव बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोस्टमार्टम गरी आइतवार कन्काई माईमा अन्त्येष्टि गरिएको छ ।

# माओवादी र नेकपा एससहित आठ दलबीच एकता

झापा(प्रस) । नेकपा (माओवादी केन्द्र), नेकपा एकीकृत समाजवादी (नेकपा एस)लगायत आठ कम्युनिस्ट पार्टीहरुले माओवादीका निवर्तमान अध्यक्ष (हाल संयोजक) पुष्पकमल दाहाल संयोजक र नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल सहसंयोजक हुने गरी पार्टी एकता गर्ने निर्णय गरेका छन् ।

माआवादी र नेकपा एसमा पार्टी एकताविरुद्ध फरक मत भए पनि दाहाल, नेपाललगायत नेताको जोडबलमा आइतबार बेलुका भएको १८ बुँदे एकता सहमतिपत्रमा हस्ताक्षर भएको हो ।

नेकपा एसका वरिष्ठ नेता एवं वार्ता टोलीका संयोजक बेदुराम भुसालले एकीकृत पार्टीमा माओवादी निवर्तमान अध्यक्ष दाहाल संयोजक र नेकपा एसका अध्यक्ष नेपाल सहसंयोजक हुने सहमति भएको जानकारी दिए ।



पार्टीको नाम नेकपा समाजवादी र चुनाव चिह्न पाँचकुने तारा हुने उनीहरुले सहमति गरेका छन् । माओवादीले माओवादका साथै नाम र नेकपा एसले नाम छाडेको छ । उनीहरु अगाडि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) जोडे पनि समाजवादी विचारमा अघि बढेका छन् । 'प्रचण्डजी संयोजक र माधव नेपाल सहसंयोजक हुने सहमति भइसकेको छ,' उनले भने, 'कात्तिक १९ मा हुने एकता राष्ट्रिय सम्मेलनमा एकता घोषणा हुनेछ ।'भुसालका अनुसार पार्टी एकता घोषणापछि निर्वाचन आयोगमा पहिलै दर्ता भएका दलहरुको एकताको निवेदन दिइने छ । 'पार्टी दर्तापछि हामी निर्वाचनको तयारीमा जुट्छौं,' भुसालले भने ।

आठ दलको एकतापछि करिब एक हजार जनाको केन्द्रीय समिति हुने नेताहरुको भनाइ छ । आठै दलका सबै केन्द्रीय सदस्यलाई समितिमा समेट्ने निर्णय भएको छ । एकता प्रक्रियामा सहभागी सबै दलहरुका केन्द्रीय समितिहरु सहभागी भएर कात्तिक १९ मा एकता राष्ट्रिय सम्मेलन गर्ने निर्णय भएको छ । सम्मेलनबाट पार्टी एकताको घोषणा, घोषणापत्र र अन्तरिम विधान पारित र केन्द्रीय समितिको गठनलगायतका गर्ने सहमतिपत्रमा भनिएको छ ।

माओवादीले मंसिर मसान्तभित्र विशेष महाधिवेशन गर्ने निर्णय गरे पनि अब छ महिनाभित्र एकता महाधिवेशन गर्ने सहमति पनि दलहरुले गरेका छन् । 'पुँजीवादी जनवादी क्रान्तिको उपलब्धिको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, राष्ट्रिय स्वाधिनताको रक्षा, सुशासन, सामाजिक न्याय र आर्थिक सामाजिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न बृहत् कम्युनिष्ट आन्दोलनको एकीकरण आजको वस्तुगत आवश्यकता हो,' सहमतिपत्रमा भनिएको छ, 'पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हुनेछ । नेपाली क्रान्तिको कार्यक्रमः नेपाली विशेषताको वैज्ञानिक समाजवाद हुनेछ ।'

समाजवादको आधार निर्माणका लागि शान्तिपूर्ण आन्दोलन हुने सहमति पनि उनीहरुले गरेका छन् । 'पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिहरूको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रुपान्तरण गर्दै समाजवादको आधार तयार गरिने छ,' सहमतिमा भनिएको छ, 'आन्दोलनको स्वरूप : आन्दोलन मूलतः शान्तिपूर्ण हुनेछ । परिस्थितिअनुसार सडक, सदन र सरकारलगायत आवश्यकताअनुसारका सबै मोर्चाहरु आन्दोलनको मोर्चा हुनेछन् ।'

एकता प्रक्रियामा सहभागी भएका पार्टीहरूका साविकका केन्द्रीय समितिहरूलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा बन्ने केन्द्रीय समिति एक हजार जनाको जम्बो हुने भएको छ । नयाँ पार्टी सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरुप हुने उनीहरुले जनाएका छन् ।

'वैचारिक राजनीतिक विषयमा एकआपसमा रहन सक्ने मतहरूबारे निरन्तर छलफल गर्दै जाने र एकता राष्ट्रिय महाधिवेशनबाट निष्कर्षमा पुर्‍याइने' आठ दलको सहमतिमा उल्लेख छ ।

राजनीतिक प्रतिवेदन र कार्यक्रम पार्टी एकता घोषणापश्चात् राजनीतिक प्रतिवेदन, कार्यक्रमलगायतका दस्तावेज निर्माण गर्न कार्यदल गठन गर्ने उनीहरुले निर्णय गरेका छन् ।

सहमतिपत्रमा नेकपा (माओवादी केन्द्र)का संयोजक दाहाल, नेकपा (एकीकृत समाजवादी) अध्यक्ष नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादव, नेकपा (समाजवादी) का अध्यक्ष राजु कार्की, जनसमाजवादी पार्टी, नेपालका अध्यक्ष सुभाषराज काफ्ले, नेपाल कम्युनिष्ट पार्टीका महासचिव चिरन पुन, नेकपा (माओवादी समाजवादी) अध्यक्ष कर्णजीत बुढा, नेकपा (साम्यवादी) अध्यक्ष प्रेमबहादुर सिंहले हस्ताक्षर गरेका छन् ।

# सवारी साधनविहीन ट्राफिक प्रहरी

झापा(प्रस) । जेनजी आन्दोलनको आवरणमा अराजक समूहले कोशी प्रदेश ट्राफिक प्रहरीका सवारी साधनमा आगजनी गरेपछि प्रदेशभर ट्राफिक व्यवस्थापनमा गम्भीर समस्या उत्पन्न भएको छ।

आन्दोलनका क्रममा १९ वटा सवारी साधनमा आगो लगाएर र तोडफोड भएर नष्ट भएका छन्। तीमध्ये ६ वटा चारपाङ्ग्रे, एउटा इ-रिक्सा र १२ मोटरसाइकल रहेको प्रदेश ट्राफिक प्रहरी प्रमुख एसपी दीपक गिरीले जानकारी दिए।

एसपी गिरीका अनुसार स्काभेटर, र्‍याकर, स्कार्पियो, बोलेरोजस्ता उद्धार र नियन्त्रणका प्रमुख साधनहरू जलेर नष्ट भएपछि दुर्घटनास्थलमा तत्काल पुग्न सकिने अवस्था छैन। बाढी, पहिरो वा सडक अवरोध हुँदा ट्राफिक प्रहरीले स्थानीय निकाय र निजी सवारीको सहयोगमा मात्र काम गर्ने गरेका छन्। आन्दोलनका क्रममा झापाको बिर्तामोड, दमक र जिल्ला ट्राफिक कार्यालय मोरङका सवारी साधन पनि क्षतिग्रस्त भएपछि ट्राफिक व्यवस्थापन प्रभावित भएको छ। ट्राफिकले कारबाहीका लागि नियन्त्रणमा लिएका १६० सवारी साधन पनि जलेका छन्।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका सदस्य लक्ष्मी बानियाले ट्राफिक प्रहरीलाई तत्काल नयाँ सवारी साधन र उपकरण उपलब्ध गराउन आग्रह गरे। कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी ईश्वर कार्कीका अनुसार नयाँ सवारी खरिदका लागि प्रहरी प्रधान कार्यालयसँग माग पठाइसकेको छ। यातायात व्यवसायी सरोज श्रेष्ठले सवारी साधन र उपकरणको पुनःस्थापना नभएसम्म कोशी प्रदेशमा सुरक्षित र व्यवस्थित सडक यातायात सुनिश्चित गर्न कठिन भएको बताए ।

कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी कार्कीले ट्राफिक व्यवस्थापन सहज बनाउनका लागि आवश्यक सवारी साधन खरिदका लागि प्रहरी प्रधान कार्यालयमा माग गरिएको बताए।

# झापामा ३ हजार ३७६ नयाँ मतदाता थपिए

झापा(प्रस)। कानुन संशोधन गरेर सूचीकृत हुन समय तोकिएपछिको करिब एक महिनामा झापामा ३ हजार ३७६ नयाँ मतदाता थपिएका छन् । योसंगै झापाको मतदाता संख्या ६ लाख ८२ हजार ६५३ पुगेको छ । यसअघि झापामा ६ लाख ७९ हजार २७७ जना मतदाता रहेका थिए ।

देशभरि ९३ हजार ३ सय ५१ नयाँ मतदाता थपिएका छन् । १२ असोजदेखि नयाँ मतदाता विवरण सूचीकृत सुरु भएको थियो ।

१५ कात्तिकसम्म थपिएका नयाँ मतदातामा ५६ हजार ७ सय १८ पुरुष, ३६ हजार ६ सय २६ महिला र अन्य ९ जना छन् । मतदाताका लागि नाम दर्ता गर्न निर्वाचन आयोगले ३० कात्तिकसम्मको समयसीमा तोकेकाले अब दुई साताको अवधि मात्र बाँकी छ ।

आयोगले अनलाइनबाटै व्यक्तिगत विवरण भर्ने र त्यसअनुसार नजिकको निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने तथा बायोमेट्रिक दिने व्यवस्था मिलाएको छ । आयोगको वेबसाइट वा नागरिक एपमा रहेको आयोगको 'लिंक' मार्फत व्यक्तिगत विवरण भरिसकेपछि निर्वाचन कार्यालयमा गएर फोटो खिचाउने र बायोमेट्रिक गराउनुपर्नेछ । अनलाइनमार्फत नै आफूलाई सुविधा हुने निर्वाचन कार्यालयमा फोटो खिचाउने समय लिनुपर्नेछ ।

जेन-जी आन्दोलनपछि २७ भदौमा प्रतिनिधिसभा विघटन भएर २१ फागुनका लागि निर्वाचनको मिति तोकिएको छ । निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलनमा कानुनले रोक लगाएकामा सरकारले मतदाता नामावली ऐन नै संशोधन गरेको थियो । जेन-जीकै मागअनुसार सरकारले ९ असोजमा अध्यादेशमार्फत मतदाता नामावली ऐनमा संशोधन गरेर निर्वाचन घोषणापछि पनि मतदाता नामावली संकलनको व्यवस्था मिलाएको हो ।

कानुन संशोधन भएपछि आयोगले १८ वर्ष उमेर पुगेका नागरिकलाई मतदाता नामावलीमा नाम दर्ताका लागि ३० कात्तिकसम्मको समय दिएको हो । त्यसपछि १२ असोजदेखि आयोगले नामावली संकलन थालेको हो । आयोगका अनुसार गत असारसम्म मतदाता नामावलीमा नाम दर्ता गराएकाको संख्या १ करोड ८१ लाख ६८ हजार २ सय ३० छ । त्यसमा महिला मतदाता ८९ लाख १६ हजार ५ सय २, पुरुष मतदाता ९२ लाख ५१ हजार ५ सय ४१ र अन्य मतदाता १ सय ८७ छन् । अहिले नाम दर्ता गराएकाहरूले आगामी निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरे शनिबार र बिदाबाहेकका दिनमा कात्तिकभर नयाँ मतदाताका लागि नाम सूचीकृत गर्न पाइने बताउँछन् । हालसम्म औसतमा दैनिक ६-७ हजार व्यक्ति सूचीकृत हुने गरेकामा अवधि सकिन लागेकाले महिनाको अन्त्यतिरसम्म त्यो संख्या बढेर दैनिक १० हजारसम्म पुग्न सक्ने उनको अनुमान छ ।

# दमकल किन्न गौरीगंज गाउँपालिकालाई दबाब

झापा(प्रस)। आफ्नै पालिकामा दमकल नहुँदा तीन दिनअघि आगलागीबाट ठूलो क्षति बेहोर्नु परेको भन्दै स्थानीयवासीहरुले तत्काल दमकल किन्न गौरीगंज गाउँपालिकालाई दबाब दिएका छन् ।

स्थानीय जेनजी युवाहरुका तर्फबाट अभिशेक राजवंशीको नेतृत्वमा ४०-५० जनाले गाउँपालिका अध्यक्ष फुलवती राजवंशीलाई तत्काल दमकल खरिद गरी संचालनमा ल्याउन दवावस्वरुप ध्यानाकर्षण पत्र बुझाएका हुन् ।छलफलका क्रममा अध्यक्ष राजवंशीले सोमवार कार्यपालिका बैठक वोलाई हिउँदे अधिवेशनको मिति तय गरी अधिवेशनबाट दमकल खरिद प्रकृयालाई पारित गर्ने प्रतिवद्धता जनाइन् । उनले खरिद प्रक्रिया शुरु भएको संभवतः दुई महिनामा गौरीगंजमा दमकल आइपुग्ने जानकारी दिएकी छन् ।

बिहीवार राति गौरीगंजको खजुरगाछी बजारमा आगलागी हुँदा १ करोड २० लाख बराबरको क्षति भएको थियो । गौरीगंजमा दमकल नहुँदा छिमेकी गौरादहलगायतका पालिकाका दमकलले आगो निभाएका थिए ।

# शर्मा र कार्कीले माओवादी फुटाउने

झापा(प्रस) । माओवादीमा सचिवालय सदस्य (निवर्तमान उपमहासचिव) जनार्दन शर्मा र राम कार्की (निवर्तमान सचिव) ले पार्टी फुटाउन लागेको तरंग केन्द्रदेखि जिल्लासम्म आइतबार बिहानैदेखि फैलिएको छ। नेकपा समाजवादीसँग पार्टी एकता गर्न नहुने भन्दै 'विद्रोह' गर्ने चेतावनी दिएका छन् ।

उनले पार्टी एकता स्थगित गरी संयोजक (निवर्तमान अध्यक्ष) पुष्पकमल दाहालले नेतृत्व छाडेर विशेष महाधिवेशनको मिति तोकेपछि मात्र आफूले पुनर्विचार गर्न सक्ने 'बटमलाइन' राखेका छन् ।

पार्टीको संस्थापक्षले यही साता नेकपा एसलगायत अन्य साना दलसँग एकता गर्ने तयारी गरेपछि उनले अर्को वामपन्थी मोर्चा बनाउने कसरत सुरु गरेका छन् । शर्माले पार्टी छाड्ने चेतावनी दिएपछि दाहाल निकट नेताहरू 'सम्झाउन' लागेका छन् । उनले आइतबार बिहान भएको सचिवालय बैठक बहिष्कार गरेका छन् । 'म आफ्नो मत अब हुने केन्द्रीय समिति बैठकमा राख्नेछु,' उनले भने, 'एकताको नाममा माओवादी विसर्जन गरे हामी पुनर्जीवन गरेर अघि बढ्छौं ।'

माओवादी फुटाउन लागेको आरोप विगत तीन वर्षदेखि आफूमाथि लागिरहेको उल्लेख गर्दै उनले माओवादी पुनर्गठन गरेर अघि जाने बताएका छन् । पार्टी एकताका नाममा माओवादी धारलाई विसर्जन गर्न खोजेको विश्लेषण उनको छ । निर्वाचन आयोगमा दर्ता हुँदै गरेको नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीसँग एकता गरी अघि बढ्ने पहिलो चरणको योजना छ । त्यस्तै पार्टी एकताको विपक्षमा उभिएका नेकपा एसका वरिष्ठ नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालसँग बृहत् वामपन्थी एकताका लागि प्रारम्भिक संवाद उनले सुरु गरेका छन् ।

'कम्युनिस्ट आन्दोलनको विघटनको बाटो रोजिएको छ । यो एकता प्रक्रियालाई तत्काल स्थगन गरी पार्टीको समग्र पुनर्गठन, वैचारिक स्पष्टता र जनपक्षीय दिशामा अघि बढ्न आह्वान गर्दछु,' शर्माले शनिबार केन्द्रीय सचिवालय बैठकमा फरक मत राखेका थिए । सचिव राम कार्कीले पनि पार्टी विघटन हुन लागेको भन्दै एकतामा नजाने निष्कर्षमा पुगेका छन् । माओवादी पुनर्गठनको पक्षमा मत राख्दै आएका उनले पार्टी एकताको नाममा विघटनमा पुर्‍याएको आरोप लगाउँदै आएका छन् । 'माओवादी जनताको नजरबाट विघटन भएकै थियो । अहिले नेताहरूले विधिवत् विघटन गरे,' उनले भने, 'हामी एकीकृत कम्युनिस्ट अभियान सुरु गर्छौं । यो बृहत् अभियान हुनेछ ।' शर्माले नेकपा एसलगायत साना

❖ बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# सरकारको कदम

सबैका आँखा नयाँ सरकारका नयाँ कदममै छन्। त्यसैले यसले गन्तव्य पुग्ने यात्राका पाइला दह्रोसँग चाल्नै पर्छ। मूल रूपमा भ्रष्टाचार नियन्त्रणको माग थियो जेन–जी आन्दोलनको। यसकारण पनि कार्की सरकारले त्यसका लागि आवश्यक कदम चाल्नुपर्छ। कम्तीमा भ्रष्टाचारका ठूला माछाहरू समातिऊन्, मुद्दाहरू चलून् र भ्रष्टाचार हुन नसक्ने थिति यसले बसालोस् भन्ने जनचाहना थियो, छ।
फागुन २१ गतेका लागि निर्धारित आमनिर्वाचन त झन् यो सरकारको प्राथमिकता नै हो। प्राथमिकताका आधारमा प्रधानमन्त्री कार्की स्वयं चुनावका मूल सरोकारवाला दलहरूसँग संवादमा हुनुपर्छ। त्यसो त दलहरूका लागि पनि चुनावबारे आधिकारिक निर्णय गरेर अघि बढ्न पनि ढिला भइसकेको छ। कतिपय संसद् विघटनको पक्षमा देखिसकेका छन् भने कतिपय अलमलमै छन्।

अल्मलिएका दललाई पनि चुनाव केन्द्रित गर्नु सरकारको दायित्व हो। दण्डहीनताको अन्त्य यो सरकारको अर्को अभिभारा हो। सरकारले सबैभन्दा पहिला जेन–जी आन्दोलनका नाममा राज्यको सम्पत्ति खरानी बनाउनेहरूलाई कारबाहीको दायरामा ल्याएर सुरुआत गर्नुपर्छ। हुनत प्रधानमन्त्री नियुक्त लगत्तै कार्कीले सिंहदरबार जलाउनेहरू नेपाली हुन सक्दैनन् भनेकी थिइन्। तर तिनहरूको खोजी र अनुसन्धानलाई पनि सरकारले बढाउन भने सकेको छैन। परिचालन गर्नुपर्ने प्रहरीको मनोबल उठाउने कदम पनि सरकारले चाल्न ढिलो भइसकेको छ।

सरकारले अबका दिनमा भ्रष्टाचार अन्त्य, सुशासन र दण्डहीनता अन्त्यका लागि पाइला चाल्नुपर्छ। सरकारले सबै पक्षलाई सन्तुलित बनाएर लैजान सक्नुपर्छ। सरकारका कदमहरूमा प्रतिशोधको गन्ध भने कहीँकतै झल्किनु हुँदैन। चुनावको वातावरण पनि नबिथोलिने गरी सरकारले दण्डहीनता विरोधी कदम चाल्नुपर्छ। फागुन २१ निर्वाचन आयोगले निर्वाचन गराउने कुरा प्राविधिक हो। मूल कुरा त यो सरकारकै जिम्मेवारी हो, वातावरण बनाउने, शान्ति सुरक्षा कायम गर्ने र निष्पक्षताको विश्वास दिलाउने। मुलुकको संक्रमणकालको अन्त्यका लागि निर्वाचन नै निर्विकल्प देखिन्छ। तर त्यसैको वातावरण बनाउनपट्टि सरकार लाग्नुको विकल्प पनि देखिँदैन। किनकि निर्वाचन नगर्ने हो भने मुलुक फेरि अँध्यारो सुरुङमा प्रवेश गर्छ मुलुक। अराजकता र बेथिति मौलाउँछ। न्यायाधीशका रूपमा सुशीला कार्कीले आर्जन गरेको व्यक्तिगत स्वच्छ छविमात्रै होइन, मुलुकै अन्तर्राष्ट्रिय छवि धुमिलिन्छ। त्यसैले पनि सरकारले मुख्य कार्यभार निर्वाचन गराएर राष्ट्रिय छविलाई उज्यालो बनाउनुमै सबैको भलाइ छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सुरक्षा संवेदनशीलताको मर्म



• बिनोद न्यौपाने

शासकीय शैली नागरिकमैत्री भएन भने कानुनी वैधताले मात्रै काम गर्दैन । एक सय ३८ को गणितले मात्रै होइन निष्ठा, सामाजिक न्याय र नैतिक मूल्यले पनि ठुलो महत्व राख्छ । सार्वजनिक सेवाको समान प्रवाह कानुनी वैधताको आधारस्तम्भ हो । सार्वजनिक हितको बाटो नरोजी व्यक्तिगत लाभहानिलाई महत्व दिइँदा वा कार्यसम्पादन वैधता स्थापित गर्न नसक्दा २७ घण्टाको जेनजी विद्रोहले दुई तिहाइको सरकार नै परिवर्तन गऱ्यो । सिद्धान्तको राजनीतिले पनि गणितलाई ठुलो महत्व दिँदैन, राजनीतिज्ञबाट जवाफदेहिता खोज्छ । भ्रष्टाचार उन्मूलन र सुशासन स्थापना युवा विद्रोहका मूल मुद्दा थिए, शासन प्रणालीविरुद्ध थिएन, शासन सुधारका लागि थियो । राष्ट्रवादका नाममा शासन प्रणालीविरुद्धका भड्काव त देशद्रोही बाछिटा मात्रै हुन्, जसले राष्ट्रको प्राण रक्षा गर्दैन ।

युवा विद्रोह सकिएको डेढ महिना बितिसक्दा पनि यसबारेका टीकाटिप्पणी जारी छन् । जिम्मेवार दल र व्यक्तिबाट सुरक्षाकर्मीको मनोबल गिराउने खेल यद्यपि भइरहेका छन् । एकापसमा आरोप/प्रत्यारोपका शृङ्खला त चलि नै रहेका छन् । युवा विद्रोहको अन्तर्यबारे वाद, प्रतिवाद र संवाद खासै हुन सकेको छैन । सबैको ध्यान चुनावदेखि चुनावसम्मको राजनीतिले मात्र खिचेको छ । माओवादी सशस्त्र सङ्घर्षले स्थापित गरेको दण्डहीनताले पूर्णविराम नपाउँदासम्म चुनावी राजनीतिले मात्र न प्रजातन्त्रको रक्षा गर्छ न त देश सङ्कटबाट मुक्त हुने छ ।

प्रधानमन्त्री सुशीला कार्कीले चुनावबारे छलफल गर्न आयोजना गर्नुभएको सर्वदलीय बैठकमा सबै दलको सरोकारको विषय शान्ति सुरक्षा बन्दै आएको छ । सुरक्षाको प्रत्याभूति भए चुनावमा जान तयार रहेको प्रतिक्रिया सबै जसो दलबाट आएको धारणा सार्वजनिक भए । प्रमुख सुरक्षा निकाय नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीको मनोबल उकास्नेबारे कसले के भने भन्ने प्रतिक्रिया बाहिर आएका छैनन् । जेनजी आन्दोलनपछि राजनीतिक पात्रबाट आफू जोगिएर सुरक्षा निकायलाई दोष थोपरी सुरक्षाकर्मीको मनोबल कमजोर बनाउने प्रयास हुँदै आएको छ । शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने काम सरकारको भए पनि सुरक्षा निकायको उच्च मनोबल यसको प्राण हो । निर्वाचन शान्तिपूर्ण गराउन सुरक्षा व्यवस्था मतबुत हुनु पर्छ । सुरक्षा खोज्ने तर सुरक्षा संयन्त्रको मनोबल उठाउन कन्जुस्याइँ गर्दा राजनीतिले खोजेको परिणाम आउन सक्दैन । सुरक्षा संयन्त्रको भावना र मूल्य पनि बुझिदिनु पर्छ । सुरक्षालाई चाहिने आवश्यक बन्दोबस्ती र अप्ठेरो अवस्थामा साथ र सहयोग पनि दिनु पर्छ । गरेन, भएन भनेर जिम्मेवारी पन्छाउने प्रवृत्तिले राजनीतिको दायित्व पूरा हुँदैन ।

व्यक्तिगत सुरक्षाका लागि धन्यवाद दिने तर देशभर दण्डहीनता बढाउन विशेष योगदान गर्ने राजनीतिले सुरक्षा निकायको मनोबल कदापि बढ्दैन । सबै जसो दलबाट सिङ्गो देश रक्षाको जिम्मेवार बोकेको सुरक्षा निकायको रक्षाकवच बन्ने उद्घोष नभएसम्म दण्डहीनताले प्रश्रय पाइरहने छ । आफ्नो गल्ती सुरक्षा निकायमाथि थोपर्ने संस्कार र शैलीले त झन् शासन/प्रशासन अघि बढ्न सक्दैन ।

गणितको बलमा सबैलाई लतारेर लैजान सकिन्छ भन्ने मनोविज्ञानलाई जेनजी आन्दोलनले निस्तेज बनायो । सुरक्षाको प्रमुख अङ्ग नेपाली सेनालाई लतारेर लैजान खोज्ने शैलीले कुनै पनि प्रणाली बलियो हुन्न । सेना दलजसरी प्रतिवादमा उत्रने सङ्गठन पनि होइन । नबोलेरै आफूमाथि उठेका प्रश्नको उत्तर व्यवहारबाट दिनु उसको धर्म हो । राजनीतिक दल जसरी आफूमाथि उठेका हरेक प्रश्नको उत्तर विज्ञप्तिमार्फत तत्काल दिइहाल्नुपर्ने उसको साङ्गठनिक प्रकृति पनि होइन । बौद्धिक भनिएको समूहले पनि यो विषय नबुझेर सेनाकै बारेमा नकारात्मक टिप्पणी गर्नुले नेपालीत्वको पहिचान कमजोर हुँदै गएको छ । संसारका कुनै पनि देशका बौद्धिकले सेनाका बारेमा नकारात्मक टिप्पणी गर्दैनन् । सरकार र रक्षा मन्त्रालयमार्फत सैनिक सङ्गठनका क्रियाकलापको उत्तर खोजिन्छ ।

सेनालाई सधैँ शङ्काको दृष्टिले हेर्ने गरियो । अहिलेको पुरानो राजनीतिक पुस्ताको निष्कर्ष सेना दलहरूको सत्रु हो भन्ने छ, किनकि उनीहरूको स्कुलिङ नै यस्तै थियो । माओवादी त झनै उग्र भएर त्यही बाटोमा हिँड्ने भइहाल्यो । व्यक्तिगत सुरक्षा भए पुग्यो, देशको पहिचान जोडिएको विषयमा उसले सधैँ खेलबाड गर्दै आयो, यो उसको धर्म नै हो । सानो दलका ठुला नेताले त सिंहदरबारमा सेनाबाहेक अरूले आगो लगाउनै सक्दैन भन्ने प्रतिक्रियासमेत दिन भ्याए ।

सेना के हो, यसको संवेदनशीलता र भूमिका के कस्तो हुने हो भन्ने विषयमा कहिल्यै बहस भएन । सरकार र दलसँगको सेनाको सम्बन्धबारे बहस हुनु जरुरी छ । सेनासँग कसरी व्यवहार गर्ने भन्ने विषयमा राजनीतिक नेतृत्व संवेदनशील हुनु पर्छ । सेनाको भूमिकासँग मुलुकको सार्वभौम पहिचान जोडिन्छ भन्ने विषयलाई वामपन्थी राजनीतिले सधैँ हल्का रूपमा लिँदै आयो । गणतन्त्रपछि सबैभन्दा बढी सत्तामा वामपन्थी दल नै बसेका छन् । दुई दिनको आन्दोलनले दुई तिहाइको सत्ता नै ढल्ने भनेपछि हामीले कति कमजोर राज्य बनाएका रहेछौँ त ? समीक्षा गर्नुपर्ने होइन ? त्यसैले पनि सेना र सरकारको सम्बन्धबारे गम्भीर बहस हुनु जरुरी छ ।
सरकारले सेनाको साथ र सहयोग पाइरहन कस्तो शैली अपनाउने भन्ने नीति नै बनाउनु पर्छ । सेनासँगको सम्बन्ध शासकीय शैली वा व्यवहारले निर्धारित गर्छ, जबर्जस्त वा बाध्यताले होइन । सेनाले पनि सरकारको कार्यसम्पादन वैधता खोज्छ । सरकारले सेनालाई एउटा कानुनले र अर्को कार्यसम्पादन, निष्ठा र नैतिक मूल्यले आदेश दिने हैसियत राख्नु पर्छ । सरकारले राम्रो काम गरिरहेको छ भन्ने विश्वास सेनालाई पनि हुनु पर्छ । सरकारको आदेशको औचित्य हेरेर सेनाले त्यसको कार्यान्वयन गर्नु पर्छ । राजनीतिमा गैरसंवैधानिक छविको विकास भएपछि मैले भनेको सेनाले मान्नै पर्छ भन्ने मान्यताको अर्थ हुँदैन । सुरक्षा संयन्त्र स्थायी हुन्छन् राजनीतिक पात्र त बदलिरहन्छ । सेना जस्तो स्थायी संयन्त्रलाई गिजोलिरहँदा त्यसले देशको सार्वभौम पहिचानमा धक्का लाग्छ । शान्ति सेनामार्फत उसले देशकै कूटनीतिक प्रतिनिधित्व गरिरहेको आभास विश्व समुदायमा छ । सिद्धान्तभन्दा स्वार्थ प्रबल भएको राजनीतिमा राष्ट्रप्रतिको चिन्तन कमजोर हुन्छ नै संसारले हेर्ने दृष्टिकोण पनि नकारात्मक हुन्छ ।

प्रजातन्त्र स्थापनाका लागि जीवन समर्पण गरेका बिपी कोइरालाले भनेका छन्, 'नेपाली सेनाबारे कुनै सार्वजनिक टिप्पणी गर्नु हुन्न किनकि हाम्रो जस्तो देशका लागि सेनाको विशेष मह◻व छ । राजनीतिमा सेनाको महत्वपट्टि पार्टी र नेतृत्वले ध्यान नदिनु ।' सेना जननिर्वाचित प्रतिनिधिले बनाएको संविधान मातहत छ । सेनाले जसरी सबैले संविधानको अक्षरशः पालना गरेको भए आजको परिस्थिति आउने नै थिएन । सेना राज्यको हो, नागरिकको दुःखमा सधैँ सँगसँगै हो । व्यक्ति वा दल विशेषको हुन सक्दैन भन्ने सन्देश उसले कर्मबाटै पुष्टि गरेको छ । जेनजी आन्दोलनका क्रममा जसले जे टिप्पणी गरे पनि सेनाको कर्मप्रति शङ्का गर्नुपर्ने ठाउँ देखिँदैन । सेनालाई राज्यको प्रमुख सहयोगी अङ्गका रूपमा व्यवहार गर्नु पर्छ, शत्रुका रूपमा होइन ।

सेनालाई अपमानित गर्ने काम शान्ति सम्झौतापछि हुँदै आएको हो । सार्वजानिक खपतका लागि सेनाको समावेशीकरण, लोकतन्त्रीकरण भनियो । शान्तिको सहजकर्ता भनिने राष्ट्रसङ्घीय मिसन अनमिनले पनि त्यसैलाई उचित ठहऱ्यायो । जसका कारण आजसम्म सङ्क्रमणकालीन न्यायको निरूपण हुन सकेको छैन । सशस्त्र सङ्घर्षमा मानव अधिकार हननमा मुद्दा चलाइएन किनभने माओवादी सत्ताको प्रमुख अङ्ग बन्दै आयो । सुरक्षा संयन्त्रलाई 'ह्युमिलेसन' गर्ने काम भइरह्यो । कुनै ठुलो क्रान्ति वा परिवर्तनले एउटा उद्देश्य र सिद्धान्त स्थापित गर्छ । माओवादी सङ्घर्ष सम्झौतामा टुङ्गिएकाले कुनै पनि सिद्धान्त स्थापित हुन सकेन । खालि नेपाली राष्ट्रवादलाई हराउने काम मात्रै भयो । वैचारिक क्रान्ति भएको भए कुनै शक्तिले दबाउन सक्ने थिएन, हिंसात्मक क्रान्ति भएकाले विदेशीले नेपालमा आँखा लगाउने अवसर पाए । राष्ट्रवादलाई गौण राखेर अधिकार स्थापित गर्नुको औचित्य पुष्टि गर्न खोज्दा मुलुक कमजोर भयो । जसको मारमा आज आमनेपाली परिरहेका छन् ।

अब आरोपप्रत्यारोप र विरोधको राजनीतिले विश्राम पाउनु पर्छ । हामीलाई बलियो सरकार र भरपर्दो सुरक्षा संयन्त्र पनि चाहिएको छ । राजनीतिक दल र नेतृत्व पनि चाहिएको छ, सँगसँगै निश्चित उद्देश्यसहितको सिद्धान्त पनि । सिद्धान्त र निश्चित उद्देश्य भएन भने जति हिँडे पनि स्थिर र शान्त अवस्थाको गन्तव्यमा पुग्न सकिन्न । हामीलाई स्वतन्त्र र स्वाभिमानी राष्ट्रको पहिचान पनि सुरक्षित राख्नु छ । राष्ट्र अप्ठेरोमा परेका बेला सामूहिक र राष्ट्रिय दृष्टिकोणबाट सोच्नु पर्छ, व्यक्तिगत र पार्टीगत रूपमा होइन । आफ्नो असफलता आफैँले स्वीकार नगरेसम्म सफलता प्राप्त हुँदैन । यो कुरा राजनीतिक दलले अझै बुझिरहेका छैनन् । जेन जी विद्रोहअघि र पछिको राजनीतिलाई एउटै लिकमा हिँडाउन खोजियो भने दललाई त नोक्सान हुन्छ नै नागरिकले पनि दुःख पाउने छन् ।

हाम्रो सार्वभौमिकताको रक्षा हामीले नै गर्नु पर्छ । बाहिरको व्यक्तिलाई हाम्रो राष्ट्रियताबारे चासो र चिन्ता हुँदैन । हामीमा राजनीतिक बहस, सामाजिक चिन्तन, राष्ट्रभक्तिको भावना र नेपालीपन चाहिन्छ । त्यसका लागि जवाफदेही पहिलो सर्त हो । सत्ता परिवर्तन भएर मात्रै हुँदो रहने छ, परिवर्तनका संवाहकमा संस्कार पनि परिवर्तन हुनु पर्दो रहेछ भन्ने पाठ हामीलाई विगतले सिकाएको छ । हामीलाई चाहिएको नयाँ शासकीय स्वरूप होइन, नयाँ राजनीतिक संस्कृति र संस्कार हो । हामीले अरूको नक्कल होइन, नेपाली संस्कार र संस्कृति सुहाउँदो व्यवस्था स्थापित गरेर विश्वलाई नयाँ मोडल प्रस्तुत गर्न सक्नु पर्छ । आन्दोलन भनेर समाज विभाजित गर्न खोज्ने समूहविरुद्ध पनि आम नागरिक सचेत हुनु पर्छ । आन्दोलन अहिलेका लागि असान्दर्भिक बाटो हो, शान्तिको बाटोबाटै निकास खोज्नु पर्छ । त्यसका लागि फागुन २१ को महायज्ञ सफल बनाउनतिर सबै एकजुट भएर लाग्नु पर्छ । निर्वाचन हुन सकेन भने देश शून्यतामा जान सक्छ । त्यो भनेको राष्ट्र असफल हुने बाटो हो ।

# निर्वाचन राष्ट्रकै अर्जुनदृष्टि



• दुर्योधन बस्नेत

एउटा विषम परिस्थितिले निम्त्याएको जेनजी आन्दोलन सम्भावित ठुलो दुर्घटना टार्दै जसरी 'सेफ ल्यान्डिङ' भएको छ । आन्दोलनबाट सिर्जित परिस्थिति सहज बन्दै अधिकतम परिणाममुखी हुनुपर्ने थियो तर विकसित घटनाक्रम नियाल्दा यस्तो हुन सकिरहेको छैन । राष्ट्रिय स्वार्थलाई प्राथमिकता दिनुपर्नेमा अझै पनि व्यक्तिगत, गुटगत र दलगत स्वार्थलाई प्राथमिकता दिँदै त्यसैलाई सर्वोपरि ठान्ने प्रवृत्ति देखिएको छ ।

आन्दोलनपश्चात् पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । घोषित मिति २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गराएर निर्वाचित जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नु यसको प्रमुख काम हो । तसर्थ अन्य मुद्दामा नअल्झी निर्वाचनलाई अर्जुनदृष्टि बनाएर त्यसैमा पूर्ण रूपमा लागि पर्नु जरुरी हुन्छ । यसका लागि जेनजी समूह, राजनीतिक दल, नागरिक समाज सबैले सक्दो सहयोग पुऱ्याउनु अपरिहार्य छ । यसको विपरीत जो कोहीले पनि अनावश्यक बखडा निकालेर आआफ्नो स्वार्थलाई अगाडि सारेर सरकारलाई दबाब दिनु, तनाव सिर्जना गर्नु उचित ठहरिँदैन । सरकार अन्य मुद्दामा अल्मलिन निर्वाचन सफल बनाउने अभियानमा लाग्नु पर्छ ।

यति बेला त्यो वा यो मानेमा कसैको चाहनामा जो कसैलाई कारबाही गर्ने, मुद्दा लगाउने, जेल हाल्ने जस्ता क्रियाकलापबाट सरकार अलग रहनु पर्छ । सरकार परिपक्व भएर आफ्नो मिसन सफल बनाउनतर्फ लाग्नु पर्छ । यदाकदा सुनिनमा आउँछ-फलाना, फलाना भ्रष्टाचारीलाई कारबाही गर । जेल हाल । नभए प्रधानमन्त्रीले राजीनामा दिनु पर्छ । कानुनी रूपमा छानबिन गरेपश्चात् दोषी प्रमाणित भएपछि कारबाही गर्नुपर्ने कानुनी प्रावधान होला । यही सरकारले छानबिन




गरी कारबाही गरे कारबाही हुने नभए नहुने भन्ने पक्कै होइन । यसका लागि निर्वाचित सरकार बनिसकेपश्चात् पनि कारबाही गर्न सकिन्छ । दोषी प्रमाणित हुनु पऱ्यो । आवेगमा, आक्रोशमा आएर कसैले पनि सरकारलाई अनावश्यक दबाब दिनु उपर्युक्त हुँदैन । मनोगत ढङ्गले होइन वस्तुवादी भएर यो चुनावी सरकारलाई सहयोग पुऱ्याउँदा राष्ट्र र जनता दुवैको भलो हुने छ । प्रतिनिधि सभा भङ्ग भएको परिस्थितिमा यो सरकारको पहिलो प्राथमिकता भनेको प्रतिनिधि सभाको निर्वाचन गराएर देशलाई चाँडोभन्दा चाँडो निकास दिनु हो । यसका लागि सबै एकजुट भएर लाग्नु जरुरी छ ।

हो, भ्रष्टाचारीलाई, अपराधीलाई कानुनी कठघरामा उभ्याएर देशको कानुनबमोजिम सजायको भागी बनाउनै पर्छ । चाहे जोसुकै किन नहोस् । यसमा दुई मत नै छैन । यति बेला उपर्युक्त समय होइन भन्न खोजिएको मात्र हो । अबका दिनमा दण्डहीनताले प्रश्रय पाउनु हुँदैन । अपराधीले छुट पाउनु हुँदैन । निर्दोषले दण्ड पाउनु हुँदैन । जनताले कानुनी राज्यको महसुस गर्न पाउनु पर्छ । 'ठुलालाई चैन, सानालाई ऐन' को अहिलेको अवस्थाको अन्त्य हुनु पर्छ । जसले गर्दा अबका दिनमा कसैले पनि भ्रष्टाचार गर्ने हिम्मत गर्न नसकोस् । अपराध गर्ने आँट गर्न नसकोस् । त्यसपश्चात् बल्ल हामीले चाहेको सुशासन, शान्ति, अमनचयनसहितको समृद्ध नेपाल बन्न सक्छ । एउटा सुन्दर समाजको निर्माण हुन सक्छ । यसका लागि हामी सबै एकजुट भएर अब आउने निर्वाचन सफल बनाउनुपर्ने छ । निर्वाचनमा मत दिँदा 'हाम्रो मान्छे होइन, राम्रो मान्छे' लाई मत दिएर निर्वाचित गराउनु जरुरी छ । जसका कारण हाम्रो अमूल्य मत खेर नजाओस् । मतको दुरुपयोग नहोस् ।

आगामी निर्वाचित सरकार नेपाली जनताले परिकल्पना गरेको, चाहेको बनोस् जसले देशमा सुशासन, शान्ति, अमनचयन, समानता कायम गरी देशलाई समृद्ध बनाएर सुन्दर, शान्त र विशाल नेपालको निर्माण गरोस् । अबको नेपाल परनिर्भर होइन, यहाँका असीमित स्रोतसाधनको सदुपयोग गरी अत्मनिर्भर बनोस् । हरेक सामान आयात गर्ने होइन, निर्यात गर्न सक्ने बनोस् र रेमिट्यान्सले देश चलाउने अवस्थाको अन्त्य होस् । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक हाम्रो देशमा अनगन्ती धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक धरोहर रहेका छन् । हाम्रो देश अनुपम सुन्दर उत्कृष्ट कलाकृतिले सिङ्गारिएको छ । प्राकृतिक रूपमा त्यत्तिकै सुन्दर र रमणीय छ । यी सबै धरोहरलाई पर्यटकीय गन्तव्यका रूपमा विकसित गरौँ । त्यसै गरी हाम्रो देश कृषिप्रधान हो । हामीसँग थुप्रै कृषियोग्य जमिन छन् । आज ती सबै बाँझिएका छन । बन्जर बनेका छन् । अब बन्ने सरकारले एउटा दह्रो राष्ट्रिय नीति बनाओस् र ती बन्जर बनेका सबै कृषियोग्य जमिन पुनर्उत्पादनका लागि तयार गरोस् । यसका लागि कृषकलाई सहुलियत ऋणको व्यवस्था, उत्पादित वस्तु उचित मूल्यमा बिक्री गर्नका लागि बजारको व्यवस्था (ताकी दलालले कृषकलाई ठगी गर्न नपाओस्), आधुनिक कृषि औजारको व्यवस्था, समयमै मल, बिजनको व्यवस्था मिलाओस् ।

हाम्रो देश संसारमै भिन्न विशेषता बोकेको देशको रूपमा परिचित छ । हामीसँग हिमाल, पहाड र तराई अलग अलग भूगोल रहेका छन् । केवल आधा घण्टाको फरकमा रहेको बुधबारेमा अखण्ड गर्मी हुन्छ भने आधा घण्टाकै फरकमा रहेको इलामको भूभागमा जाडो हुन्छ । जकेट लगाउनु पर्छ । संसारमै नपाइने विशेषता हो यो । यिनै विशेषतासँगै हामीसँग प्रसस्तै प्राकृतिक स्रोतसाधन रहेका छन् । अलग अलग भूगोलमा अलग अलग वन्यजन्तु, वनस्पति, रुख बिरुवा, चराचुरुङ्गी, कीटपतङ्ग, हावापानी पाइन्छ । मानिसको संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, लवाइखवाइ पनि अलग अलग भेटिन्छ । तिनै भिन्न विशेषता भएका प्राकृतिक स्रोतसाधनको सदुपयोग गरेर जडीबुटीजन्य, कृषिजन्य, वनस्पतिजन्य उद्योग सञ्चालन गरेर रोजगारीको सिर्जना गर्न सके रोजगारीका लागि युवा बिदेसिनुपर्ने अवस्था रहँदैन । आगामी निर्वाचित सरकारले यिनै विषयमा गम्भीर भएर ध्यान पुऱ्याओस् र एउटा आत्मनिर्भर, स्वाभिमान र सबल राष्ट्र निर्माण गरोस् । यसका लागि आगामी निर्वाचित जनप्रतिनिधि व्यक्तिगत, दलगत स्वार्थभन्दा माथि उठ्नु जरुरी हुन्छ । आफ्नो, आफ्नो परिवारको, आफन्तको हितका लागि पद र कुर्सीको दुरुपयोग होइन, राष्ट्रको हितका लागि पदको सदुपयोग गर्नुपर्ने हुन्छ । इच्छाशक्तिलाई देश निर्माणमा लगाउनुपर्ने हुन्छ । यसैमा सबैको हित हुन्छ, भलो हुन्छ ।

# कवि विरही अधिकारीको मान्छे बेच्ने देश हेर्दा



• द्रोण अधिकारी गुहेली

झापालाई सिर्जनाको केन्द्र बनाएर पाँच दशकदेखि क्रान्तिकारी कविको छवि निर्माण गरेका विहरी अधिकारीको बाह्रौं कृतिका रूपमा मान्छे बेच्ने देश लघु कविता संग्रह प्रकाशनमा आएको छ । २०८२ असारमा प्रकाशनमा आएको यस संग्रहमा १०५ वटा कविता संग्रहित गरिएको छ । यस कविता संग्रहभित्र हाइकु, तान्का, मुक्तक र गजल शैलीमा छन्द समेत जोडेर उत्कृष्ट कविता संग्रहित गरिएको देखिन्छ । हरेक कविताले कुनै न कुनै रूपमा क्रान्तिकारी भाव जोडेर देशको माटो खोजेको आभास पाठकले गर्ने छन् । थोरै शब्द तर चोटिलो भाव र वर्तमानको सत्य चित्र हरेक कविताका साझा विशेषता हुन् ।

वि सं २०१२ साल साउन २८ गते धनकुटा जिल्लाको चनुवा गाउँमा पण्डित खेमराज तथा विष्णुमाया अधिकारीको सुपुत्रका रूपमा जन्मिएका विरहीको प्रमाणिक नाम सिताराम अधिकारी देखिए पनि नेपाली साहित्यले विरही अधिकारीकै रूपमा चिनिरहेको छ । वि सं २०२७ सालदेखि झापाको स्थायी बासिन्दा भएर रहेका अधिकारीले वि सं २०३८ सालमा मुटु रेटिएको कथा नामक कविता संग्रह प्रकाशन गरी नेपाली साहित्य आकाशमा कविका रूपमा उदाएको देखिन्छ । यस बिचमा अधिकारीका ९ वटा कविता काव्यका कृति तथा २ वटा निबन्ध संग्रह र एउटा कथा संग्रह गरी १२ वटा कृति प्रकाशन भइसकेका छन् । जसमा ७ वटा कविताका मात्र संग्रह देखिन्छन् भने दुई वटा काव्यका रूमा प्रकाशित कृति हुन् । अधिकारीले गद्य र पद्य दुवै लयमा कविता रचना गरेको देखिन्छ । अर्थात उनका कृति अतिआधुनिक शैलीदेखि परम्परागत नियमसम्म पालना गरेर रचना गरिएको देखिन्छ । शैली जुन समातेर रचना गरिएको भए पनि अधिकारीका कविता काव्यले देश र माटोको रक्षाका लागि विद्रोही भाव भने प्रष्ट रूपमा ओकलेको भेटिन्छ ।

उनका कविता काव्यले सहिदको सम्झना गर्दै सहिदको योगदान बिर्सदै गएकोमा आक्रोश पोख्छन् । अधिकारीका कविताले नेपाली नारीमाथि हत्या, बलात्कार, शोषण, दमन भइरहेको संकेत गर्दै नारीको सुरक्षा गर्न सवैसित आग्रह गर्छन् । उनले नेपाल देश असल शासक नरहेकै कारण सिमाना मिचिएको, स्वाभिमान गुम्दै गएको, भ्रष्टाचार, दुराचार, अन्याय र अत्याचार बढिरहेकोमा आक्रोश पनि कविता काव्यमार्फत पोखिरहेका हुन्छन् । उनी आज कवि कलाकार चोर, तस्कर र घुसखोरीको नियन्त्रमा रहेकोले यस्तो समाजमारा प्रवृत्ति अन्त्य गर्ने कविता लेखिनु पर्ने आवाज उठाएका छन् । उनले युवाहरूलाई आफ्नो मातृभूमि उजाड बनाएर अर्काको भूमि उर्वर बनाउन विदेसिने प्रवृत्ति त्याग्न कवितामार्फत नै नेपाली वुवा युवतीसित आग्रह गरिरहेका हुन्छन् । अधिकारीले संघीय लोकतान्त्रिक गणतन्त्र जनमैत्री बन्न नसक्नुमा शासकीय सिद्धान्त कमजोर भएर शासक बलियो बन्दै गएकोमा कवितामार्फत सत्तासिन दलप्रति कटाक्ष गर्दै व्यङ्ग्य प्रहार गरिरहेका हुन्छन् । उनले देश र माटो सम्झन जन्मथलो, कर्मथलोदेखि मानवतासम्म समेटेर नौ वटा कविता काव्य कृतिभित्र नेपाली समाजको वास्तविक चित्र प्रस्तुत गरेका छन् ।

विरही अधिकारीले रचना गरेका तथा सुमना अधिकारी प्रकाशक रहेका कविता काव्यका कृतिमध्ये पछिल्लो कृतिका रूपमा आएको मान्छे बेच्ने देश लघु कविता संग्रहभित्र संग्रहित कविता अध्ययन गर्दा ६० वटा कविता र ४० वटा मुक्तक जोडिएर यो कृति निर्माण भएको देखिन्छ । दुईदेखि ११ पङ्क्तिसम्म संरचित हरेक कविता चित्रसित गाँसिएर आएका छन् । थोरै शब्दले धेरै भन्न खोजेका हरेक कविताको भाव चित्रले विचित्र वर्णन गरिरहेको पाठकमा अनुभूति हुने छ । वैचारिक दृष्टिमा मार्क्सवादी चिन्तन भेटिने अधिकारीका हरेक कविता देश र माटो खोजिरहेको अनुभूति दिन्छन् । क्रान्ति चेत पालेका उनका कविताले विध्वंसलाई होइन रचनात्मक विद्रोहलाई समातेको प्रष्ट देखिन्छ ।

अधिकारीको यस कृतिको पहिलो कविताले बोकेको शीर्ष भाव हेरौं–

'तिमी त बुद्धको देश भन्छौ होला
वीर पुर्खाको सन्तान भन्छौ होला
तर तिमीलाई नढाटी भन्नु पर्दा
मान्छे बेच्ने देशको मान्छे म ।'

जम्मा २१ शब्दमा वर्तमान नेपालको शासकीय अनुहार चिनाउन सफल यस कविताले नेपाल र नेपालीको वास्तविक पहिचान गुमिसकेको तीतो सत्य ओकलेको छ । राजनीतिक गति सही ठाउँमा नहुँदा नेपालीहरू दलालको फन्दामा परेर रोजगारीका नाममा विदेशमा बेचिनु पर्ने बाध्यता जिउँदो छ । देशमा पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा बेरोजगार युवायुवती रोजगारका लागि विदेश रोज्न बाध्य छन् । यस अवस्थाको फाइदा लिदै दलालहरू वैदेशिक रोजगारीका नाममा नेपाली युवायुवती बेचिरहेका छन् । पेट पाल्नका लागि नेपाली छोराछोरीहरू पटक पटक बेचिदा फन्दामा पर्ने अवस्था छ । सरकारी पक्षदेखि स्वयम् रोजगार खोज्ने युवायुवतीसम्म दलाललाई विश्वास गर्ने वातावरण निरन्तर रहिरहँदा नेपाली नागरिकमाथि हरेक दिन समस्या बढ्दै गएको छ । यस्तो बिकराल अवस्थाले हाम्रो परिचय बदलिएको संकेत कवितामा व्यंग्यात्मक चेतसहित कविले छोडेका छन् ।

उनको अर्को कविता अपरिवर्तनलाई हेरौं–

बा भन्नु हुन्थ्यो
झ्याउँकिरी युगौंदेखि रात मात्र बोलाउँछ
उज्यालो कहिलै डाकेन ।

यस कवतामा ११ वटा शब्द मात्र भए पनि हजार शब्दले बोल्न नभ्याउने भाव बोलेको छ । कविताले नेपालमा व्यवस्था परिवर्तन भए पनि नागरिकको अवस्था परिवर्तन हुनै नसकेकोप्रति कडा प्रहार गरेको छ । कविताको भाव प्रष्ट्याउने हो भने वि सं २००७ सालदेखि २०८२ साल भदौसम्म भएका परिवर्तनका हरेक लडाइमा नागरिकका चाहना र इच्छा अनुसारका परिवर्तन हुन नसकेको मात्र शासकको अनुहार फेरिएको बुझ्न गाह्रो छैन ।

अधिकारीको न्यायाधीश शीर्षकको कविता हेरौं–

जिब्रोमा घाउ छ रे, बोले दुख्छ
यसैले चुपचाप बसिरहन्छ ।

माथिको कवितामा रहेका ९ वटा शब्दले समग्र नेपालको न्यायमूर्तिमाथि प्रहार गरेको व्यंग्य भावचाहिँ नेपालको राजनीति मात्र होइन न्याय प्रणाली पनि सही छैन । अन्याय देख्दादेख्दै न्यायाधीश मौन बसेर न्याय दिनै सक्दैनन् । यो नेपालको वर्तमानको वास्तविक चित्र हो ।

अधिकारीको अर्को कविता असहजता हेरौं–

महंगीले टुपी बाँधेर
तारो हान्दै सङ्गिनले घोच्दै ।

कविताभित्र रहेका ७ वटा शब्दले विचलित समाजको चित्र उतार्ने प्रयास गरेको देखिन्छ । नीति छ, नियम पनि छ तर वर्गीय विभेद जन्माउने कालाबजारीका कारण हरेक दिन महंगी तीव्र गतिमा बढ्दै जाँदा धनी अझ धनी बन्ने अनि गरिब खान नपाएर मर्नु पर्ने दिन निर्माण भइरहेकोमा कविको आक्रोश कवितामा पोखिएको हो ।

विडम्बना शीर्षकको कविता नियालौं–

न्याउली बास्दैन
कोयलीको भाका छैन
त्यसैले पिर छैन
मुटु पनि दुख्दैन ।

यस कविताले प्रकृतिदेखि जीवजन्तुसम्म आफ्नो जिम्मेवारीबाट भाग्दै जाँदा मानव जस्ता चेतनशील भनिएका प्राणीहरू चेतनाविहीन शून्य बन्दै गएको संकेत गरेको छ । यस भावलाई माटोसित जोडेर हेर्ने हो भने देश र समाज छोडेर परदेश भासिने नेपाली मनहरूले अब यो देशको चिन्ता गर्ने या माया गर्ने छैनन् भन्ने व्यंग्य भाव बुझ्न सकिन्छ ।

अर्को कविता व्यभिचार शीर्षकलाई नजिकबाट हेरौं–

सडक खोकिलाबाट
सालनाल सँगैको बाल चित्कार
मान्छेहरू भन्दै थिए
सडक सुत्केरी भएछ ।

यस कविताले उठाएको विषयचाहिँ आधुनिकताका नाममा बढ्दै गएको व्यभिचारले जन्मसितै बालबालिका सडक किनारका नाली र झाडीमा फाल्ने परम्परा हुर्कदै गएकोप्रति कवितामा कविद्वारा व्यंग्य गरिएको छ । विशेष गरी नवजवान युवा युवती रमाइलोका नाममा अनुचित यौन सम्बन्ध राख्ने अनि गर्भमा बच्चा बसे जन्मनुपूर्व मार्ने, मार्न नसके जन्माएर फाल्ने आपराधिक काम गरिरहेको सत्य अहिलेको समाजको वास्तविक चित्रका रूपमा कवितामा देखाइएको छ ।

अधिकारीको कविता तर्सिएको छ शीर्षकको कविता पढौं–

श्रमको मुचुलका नउठेपछि
रगतको सरजमिन नभएपछि
जब अन्यायमा अन्याय थपिन्छ
तव जिन्दगीसँग कविता तर्सिएको छ
कवितासँग जिन्दगी तर्सिएको छ ।

यस कविताले शोषण र दमन बिरूद्ध क्रान्तिकारी भाव जमेर कविता रचिने परम्परा हराएको प्रति कविले कवितालाई व्यंग्य गरेका छन् । समाज शोषक र सामन्तिकै नियन्त्रणमा रहेका कारण श्रमजीवी वर्ग उत्पीडन सहन बाध्य रहेको संकेत समेत कविताका शब्दहरूले ओकलेका छन् ।

कवि अधिकारीले सङ्घर्ष शीर्षक दिएको कविता हेर्दा–

जिन्दगी आफैं टल्कँदैन, टल्काउनु पर्छ
आफैँ फुल्दैन, फुलाउनु पर्छ ।
जिन्दगी यसर्थ त सङ्घर्ष हो ॥

यस कविताले व्यक्ति आफैले आफ्ना लागि केही न केही गर्नु पर्ने जागरण भाव छोडेको छ । अर्काले केही गर्ला अनि खाउँला भन्नेहरूलाई केही पनि नगरी केही नै हुँदैन भन्ने सन्देश कविताको शीर्षक आफैले छोडेको छ ।

अधिकारीको लाचार शीर्षकको मुक्तक हेर्दा–

नागरिकताको प्रमाणपत्र सिरानीमा राखेर
नागरिक आफ्नो हक माग्न डराउँछ
अधिकार खोसेर लिन डराउँछ ।
दास प्रवृत्ति नमाझिएको मान्छे
कायर डरपोक सधैं अर्काकै गाई बाखा चराउँदैछ ।

यस मुक्तकले नागरिक हुनुको अर्थ खोज्ने प्रयास गरेको छ । कसैको हातमा नागरिकता हुँदैमा नागरिक नहुने संकेत समेत छोडेको छ । जसले अधिकार र कर्तव्य साथसाथै बोकेर हिड्न सक्दैन । त्यो नागरिक नभएर दास मात्र हो भन्ने व्यंग्यसित प्रगतिशील चेत बोकेको भाव यस कविताको मुल विषय पनि हो ।

समग्रमा भन्नु पर्दा मान्छे बेच्ने देश लघु कविता संग्रह वर्तमान नेपालको सामाजिक चित्र हो जहाँ देश र नागरिको हालत बेहाल बन्दै गएको देखिन्छ भने राजनीति, प्रशासन र न्याय क्षेत्र अराजक बाटोमा अलमलिरहेको भेटिन्छ । राजनीतिलाई राज्य होइन सत्ता प्यारो छ । प्रशासन र न्यायपालिकालाई देश र जनता होइन कागज र पैसाको मेलो भए हुन्छ । यिनै दुर्गतिप्रति व्यंग्य बनेर प्रहार भएका शब्द कविता कृति बन्न सफल छन् । थोरै शब्द खर्चिएर तयार भएका हरेक शीर्षकका कविताले विकृतिमाथि प्रहार गर्दै सभ्य र सुन्दर नेपालको कामना गरेका छन् । आशा, आक्रोश, विद्रोह र क्रान्तिलाई आत्मसात् गरेका अधिकारीका यस संग्रहका हरेक कविता प्रगतिशील विचार सित घोलिएर सुन्दर भाव बन्न सफल देखिन्छन् ।

# तेब्बरले बढ्यो हिमाल आरोहण राजस्व

झापा(प्रस) । यस वर्षको शरद् ऋतुमा हिमाल आरोहणबाट प्राप्त हुने दस्तुर (राजस्व) तेब्बरभन्दा बढी सङ्कलन भएको छ । सरकारले १० वर्षपछि पर्वतारोहणमा नयाँ शुल्क लागु गरेपछि गत वर्षभन्दा यस वर्ष आरोहण शुल्क तेब्बरले बढेको हो । सरकारले विसं २०७१ पुस १७ गतेदेखि कायम गरेको हिमाल आरोहण अनुमति शुल्क परिवर्तन गर्दै गत साउन २६ गतेदेखि नयाँ



शुल्क कायम गरेको थियो । यसबाहेक यो याममा विगतभन्दा आरोहीको संख्या बढेकाले पनि राजस्व सङ्कलन बढेको हो ।

पर्यटन विभागका निर्देशक हिमाल गौतमका अनुसार विगतका शरद् ऋतुमा साढे सात करोडको हाराहारीमा राजस्व सङ्कलन हुँदै आएकोमा यस वर्ष भने साढे २५ करोडभन्दा बढी रुपियाँ सरकारी कोषमा दाखिला भएको छ ।

जेनजी आन्दोलनका कारण अन्य पर्यटन क्षेत्रमा असर परे पनि आरोहण क्षेत्रमा भने विगतभन्दा सुधार आएको छ ।

यस वर्ष हालसम्म आरोहण हुन नसकेका हिमालमा समेत आरोहण भएको छ । सगरमाथा आरोहणमा मुस्किल मानिने यो याममा आरोहण पूरा गर्दै अमेरिकी पर्वतारोही जिम मोरिसनले सगरमाथाको उत्तरी मोहडाबाट स्की गरेर कीर्तिमानसमेत कायम भएको छ । यसअघि सन् २०२३ को शरद् ऋतुमा सात करोड ८१ लाख र सन् २०२४ को सोही अवधिमा सात करोड ६३ लाख रुपियाँ सङ्कलन भएकोमा यस वर्ष २५ करोड ५१ लाख ६५ हजार ४३६ रुपियाँ राजस्व उठेको उनले जानकारी दिए ।

सन् २०२३ को शरद् याममा १७० समूहका एक हजार ३२६ र सन् २०२४ को सोही याममा १५८ समूहका एक हजार २८० आरोहीले अनुमति लिएकोमा अहिले १७५ समूहका एक हजार ४५० जनाले आरोहण अनुमति लिएको उनले बताए । अनुमति लिनेमा नेपालसहित ८३ देशका ३४५ महिला र एक हजार १०५ जना पुरुष रहेका छन् । यो याममा विभागले जारी गरेको ५४ हिमालको आरोहण अनुमतिमध्ये सबैभन्दा धेरै मनासलु आरोहण गर्न ३७४ जनाले अनुमति लिएका छन् । मनासलु आरोहणबाट मात्रै १५ करोड ७६ लाख ४० हजार १९५ रुपियाँ राजस्व उठेको छ ।

विभागका अनुसार हाल नेपालमा आरोहणका लागि खुला गरिएका ४६१ हिमालमध्ये आरोहण हुन नसकेका १०२ हिमालमध्ये यो याममा सोलुखुम्बुको सोलुदुधकुण्ड नगरपालिका-१ मा रहेको नुम्बुर हिमालको पहिलो पटक सफल आरोहण भएको छ ।

पोल्यान्डका नागरिक आडम, जर्मनीका फोलिक्स र इटालियन नागरिक हर्भले १५ घण्टाको कठिन प्रयासपछि छ हजार ९५८ मिटर अग्लो नुम्बुरको चुचुरोमा पहिलो पाइला टेकेको विभागले जनाएको छ । नुम्बुरमा यसअघि सन् १९६३ मा जापानी र सन् १९८१ मा फ्रान्सेली आरोहण दलले आरोहणको प्रयास गरे पनि सफल भएका थिएनन् ।

# यातायात जरिवाना मिनाहा गर्ने कोशी सरकारको निर्णय

झापा(प्रस) । कोशी प्रदेश सरकारले बन्द अवधिमा रोकिएका यातायात सेवाको जरिवाना मिनाहा गर्ने निर्णय गरेको छ ।

आइतबार बसेको प्रदेश मन्त्रिपरिषद्को १९औं बैठकले स्वास्थ्य, पूर्वाधार, पर्यटन तथा यातायात लगायतका विषयमा ६ वटा महत्वपूर्ण निर्णय गरेको छ ।

सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीका अनुसार बैठकले शैलजा आचार्य प्रादेशिक अस्पताल सञ्चालनका लागि कानुनी ढाँचा तयार गर्ने र अस्पतालको हृदयरोग केन्द्र सञ्चालन कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको छ । त्यसैगरी, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका केही कार्यालयमा अस्थायी दरबन्दी स्वीकृत गरिएको छ ।

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा क्षति भएका मन्त्रालय र मातहतका निकायहरूको प्रतिवेदनको आधारमा भौतिक पूर्वाधार विकास मन्त्रालयलाई क्षतिग्रस्त संरचनाहरूको मर्मत तथा पुनर्निर्माण अघि बढाउने जिम्मेवारी दिइएको छ ।

बैठकले जलेका वा नष्ट भएका सामग्री कानुनी प्रक्रियाअनुसार मिनाहा गर्ने, बाँकी रहेका सामग्री लिलाम गर्ने र मर्मत गर्न सकिने सवारीसाधन पुनःसञ्चालनमा ल्याउने निर्णय गरेको छ । बिमा रकम प्राप्तिका लागि प्रक्रिया अघि बढाउने र पूर्ण रूपमा क्षतिग्रस्त सवारीसाधनहरूको लागत कट्टा गर्ने निर्णय पनि गरिएको छ ।




त्यस्तै, नयाँ सवारी खरिद गर्नुपर्ने भएमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयको सहमतिपछि मात्र खरिद गरिने भएको छ ।

जेन-जी आन्दोलनका क्रममा इटहरी र बिर्तामोडस्थित यातायात व्यवस्था कार्यालयहरू पूर्ण रूपमा ध्वस्त भएका थिए । ती कार्यालयका सर्भर नष्ट भएकाले ड्राइभिङ लाइसेन्स वितरण रोकिएको थियो। प्रवक्ता भण्डारीका अनुसार सर्भर पुनःस्थापना भएपछि लाइसेन्स वितरण पुनःसञ्चालन गरिनेछ ।

हाल ती कार्यालयहरूमा सीमित प्रशासनिक समन्वयबाहेक अन्य सेवा बन्द छन् । यसबीच, कार्यालय बन्द रहँदा म्याद सकिएका सवारसाधनका कागजातमा जरिवाना नलाग्ने व्यवस्था मिलाइएको छ । मन्त्री भण्डारीले भने, 'बन्द अवधिको जरिवाना शून्य मानेर सोही अवधि थप गरिनेछ, जसले नागरिकलाई राहत दिनेछ।'

बैठकले इटहरी र बिर्तामोडका कार्यालयबाट यातायात सेवा पुनः सञ्चालन गर्ने तयारी पनि अघि बढाएको छ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ